नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र

२०८०/०८१ अङ्क-१३ विद्यालय शिक्षा सम्बन्धी गतिविधि-८० (पूर्णाङ्क २८६)

विद्यालयको भौतिक पूर्वाधार सर्वेक्षण, विद्यालय नक्साङ्कन गरी एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) मा प्रविष्टि गर्न सबै विद्यालय, स्थानीय तहहरूलाई शिक्षा तथा मानव स्रोत विकास केन्द्रको अनुरोध।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ ज (१२) मा विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन सम्बन्धी काम स्थानीय तहबाट हुने व्यवस्था भएकाले र सो काममा सहयोग गर्नका लागि चालू आ.व. २०८०।०८१ मा देशभर नै विद्यालयको भौतिक अवस्था सर्वेक्षण गर्ने, विद्यालय नक्साङ्कन गर्ने लगायतको काम गर्न कार्यक्रम तथा बजेट वित्तीय हस्तान्तरण भएको छ। विद्यालयको भौतिक सर्वेक्षण, विद्यालय नक्साङ्कनको कार्य गर्न गराउनका लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) अद्यावधिक भएको छ। विद्यालयको भौतिक सर्वेक्षण तथा विद्यालय नक्साङ्कन कार्य यथाशक्य चाँडै सम्पन्न गरी देहायका आधार समेत विचार गरी शैक्षिक सत्र २०८१ को IEMIS मा सूचना प्रविष्टि गर्ने/गराउने व्यवस्थाका लागि अनुरोध छ।

(१) विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड, २०८० को दफा ६ अनुसार स्थानीय तह स्तरीय विद्यालय पूर्वाधार विकास समिति गठन गरी सोही समितिको नेतृत्वमा विद्यालय भौतिक पूर्वाधार सर्वेक्षण सम्बन्धी काम गर्ने गराउने। **https://cehrd.gov.np/file_data/mediacenter_files/media_file-25-1043863512.pdf**।

(२) स्थानीय तह भित्रका विद्यालयहरूको हालको भौतिक अवस्थाको सर्वेक्षण गर्ने, भौगोलिक अवस्थिति, जनघनत्व, विद्यालय जाने उमेर समूहका बालबालिकाको सङ्ख्या एवं अवस्थाका आधारमा हाल सञ्चालनमा रहेका विद्यालयहरूमध्ये मर्ज, समायोजन एवं तह घटाउने सम्भावना भएका विद्यालय पहिचानको विषय र अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐनको दफा ७ ले गरेको व्यवस्था तथा यसअघि अभ्यास हुँदै आएको हिँडाइ दूरी समेतलाई विचार गरी कुनै स्थानमा नयाँ विद्यालय स्थापना गर्नुपर्ने वा ऐनको दफा १४ १५ र १६ बमोजिमको वैकल्पिक ढाँचाको शिक्षा व्यवस्थापन गर्नुपर्ने हो ? सो समेतको सूचना प्राप्त गर्ने विषयमा समितिको स्पष्ट धारणा बनाई कार्यान्वयनको व्यवस्था मिलाउने।

(३) विद्यालयको भौतिक सर्वेक्षण, विद्यालय नक्साङ्कन सम्बन्धी कामको सहजीकरण गर्नका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट "विद्यालय नक्साङ्कन, भौतिक सर्वेक्षण र विद्यालय समायोजनका लागि सहयोगी स्रोत पुस्तिका २०८०" **https://cehrd.gov.np/file_data/mediacenter_files/media_file-25-96266720.pdf** विकास भएको छ। उक्त स्रोत पुस्तिकाले विद्यालय भौतिक अवस्था सर्वेक्षण गर्न र विद्यालय नक्साङ्कन गर्न सहयोगी हुने भएकाले सोको उपयोग गरी शैक्षिक सत्र २०८१ मा विद्यालय तहबाट IEMIS मा सोही बमोजिमको सूचना प्रविष्टि गर्ने व्यवस्था मिलाउनुहुन अनुरोध छ।

(४) विद्यालयको भौतिक सर्वेक्षणले देहायका सूचना सङ्कलन गर्नुपर्ने छ :
- (क) विद्यालयको हातामा रहेको घेराबारको अवस्थासँग सम्बन्धित सूचना सङ्कलन (घेराबार भए/नभएको ? सम्बन्धी सूचना)
- (ख) विद्यालयको घेराबार रहेको शौचालय खानेपानीको अवस्था (खानेपानी भए नभएको, भए पर्याप्त मात्रामा भए नभएको, भएमा कुन स्रोतबाट पानी आएको हो ? सोको वातावरण, पानीको प्रशोधनको व्यवस्था)
- (ग) हाल सञ्चालनमा रहेका विद्यालयमा भौतिक पूर्वाधारको सूचना सङ्कलन (कति वटा भवन, कुन भवनमा कति वटा कोठा, कोठाको प्रयोजन- प्रशासन, शिक्षण सिकाइ, प्रयोगशाला, पुस्तकालय, कर्मचारी कक्ष, आर्थिक प्रशासन कक्ष, स्वास्थ्य कक्ष, भवन भित्रको शौचालय आदि)
- (घ) बनेका पूर्वाधारको अवस्था (धेरै राम्रो र भरपर्दो, सन्तोषजनक, असुरक्षित), बनेको वर्ष, बनाउन प्रयोग भएको आर्थिक स्रोत एवं कार्यक्रम लगायतको सूचना सङ्कलन
- (ङ) बनेका पूर्वाधारको प्रत्येक भवनको दुवै सुर देखिने गरी फोटो खिच्ने र IEMIS मा प्रविष्टि गर्ने
- (च) बनेका पूर्वाधारको मिटरमा नापिएको विवरण (कोठाको लम्बाइ, चौडाइ, घेराबारको लम्बाइ, चौडाइ) समावेश गर्ने
- (छ) विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्डका आधारमा भौतिक पूर्वाधार मापदण्ड बमोजिम भए नभएको सूचना सङ्कलन गर्ने

(५) विद्यालय नक्साङ्कन एवं विद्यालय सर्वेक्षणका लागि प्रणाली IEMIS मा अद्यावधिक भइसकेको प्रणालीको उपयोग गर्ने, भौतिक पूर्वाधार सर्वेक्षणका लागि स्थानीय तहमा कार्यरत प्राविधिक कर्मचारी विद्यालयमा रहेको प्राविधिक इन्जिनियरलाई समेत परिचालन गरी स्थानीय तहमा भएका सबै विद्यालय भवनहरूको लेखाजोखा गर्ने व्यवस्था मिलाउने र IEMIS मा विद्यालयको फोटो सहितको विवरण तयार गरी प्रविष्ट गर्ने,

(६) विद्यालयका प्रधानाध्यापक र IEMIS को कार्य जिम्मेवारी तोकिएका शिक्षक कर्मचारीका लागि अभिमुखीकरण सञ्चालन गर्ने,

(७) विद्यालयमा अध्ययनरत विद्यार्थी, भौतिक अवस्था तथा जनसाङ्खिक आधारमा विद्यालयको नक्साङ्कनको प्रतिवेदन तयार गर्ने। प्राप्त प्रतिवेदनका आधारमा विद्यालय अनुमति, विद्यालय समायोजन एकीकरण जस्ता विषयमा निर्णय गर्ने।

निःशुल्क रूपमा उपलब्ध पाठ्यसामग्रीको प्रयोग सम्बन्धमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको अनुरोध

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले विगतदेखि नै विद्यार्थीको सिकाइ गतिविधिलाई सहयोग पुऱ्याउने विभिन्न क्रियाकलापहरू सञ्चालन गर्दै आएको छ। यसै सन्दर्भमा यस केन्द्रले शिक्षण सिकाइ केन्द्रित विभिन्न सामग्रीको प्रकाशन समेत गरेको छ। त्यस्ता सामग्री बढीभन्दा बढी पाठक समक्ष पुगून् भन्ने उद्देश्यले ती सामग्री केन्द्रको वेबसाइट एवं विद्युतीय पुस्तकालय (Digital Library) मा समेत उपलब्ध गराउने गरिएको छ। तसर्थ केन्द्रको वेबसाइट एवं विद्युतीय पुस्तकालयमा गई शिक्षण सिकाइ क्रियाकलापमा सहयोग गर्ने त्यस्ता सामग्री प्रयोग गर्न गराउनहुन सम्पूर्ण सरोकारवालालाई शिक्षा तथा मानव स्रोत विकास केन्द्र हार्दिक अनुरोध गर्दछ।

केन्द्रको वेबसाइट **www.cehrd.gov.np** मा रहेको e–Library मा क्लिक गरी केन्द्रको पुस्तकालयको क्याटलग प्रयोग गर्न सकिन्छ। त्यहाँ देखिने पृष्ठमा E-library मा क्लिक गरी वा http://103.140.1.64/cehrd/elibrary मार्फत केन्द्रको विद्युतीय पुस्तकालयमा पुग्न सकिन्छ। त्यहाँ नेपाली वा अङ्ग्रेजी भाषाका शब्द मार्फत Search गरी आफूलाई आवश्यक **सामग्री खोजेर पढ्न वा डाउनलोड** पनि गर्न सकिन्छ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

रेडियो नेपाल र नेपाल टेलिभिजनबाट प्रसारण हुने शैक्षिक कार्यक्रम तालिका र यस केन्द्रको वेबसाइट तथा फेसबुकमा रहेका सिकाइ सामग्री सम्बन्धी जानकारी

रेडियो नेपाल		नेपाल टेलिभिजन	
शैक्षिक कार्यक्रम	श्रव्य पाठ प्रसारण	NTV राष्ट्रिय प्रसारण	NTV Plus
मङ्गलबार र शनिबार	सोमबारदेखि शनिबार	मङ्गलबार	आइतबारदेखि शुक्रबार
मङ्गलबार शैक्षिक सूचना एवम् शैक्षिक गतिविधिहरू शनिबार चेतनामूलक लघुनाटक	विद्यालय शिक्षाका पाठ्यक्रम र पाठ्यपुस्तकमा आधारित विभिन्न कक्षाका श्रव्य पाठहरू	शैक्षिक बहस र देशभरका शैक्षिक संस्थाका असल अभ्यासहरूको स्थलगत रिपोर्ट	विद्यालय शिक्षाका पाठ्यक्रम र पाठ्यपुस्तकमा आधारित विभिन्न कक्षाका श्रव्यदृश्य पाठहरू
साँझ ७:३५ बजे	साँझ ५:१५ देखि ५:४५	साँझ ७:०० बजे	बिहान ६:०० देखि ८:३० (४ ओटा पाठहरू)
	साँझ ८:३५ देखि ८:५५		साँझ ४:३० देखि ७:०० (४ ओटा पाठहरू)
१५ मिनेट	३० मिनेट	२५ मिनेट	३५-४० मिनेट

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेबसाइट : www.cehrd.gov.np यस वेबसाइटको Learning Portal Tab मा सबै श्रव्य तथा श्रव्यदृश्य पाठहरू र सन्दर्भ सामग्री रहेका छन्।
सिकाइ चौतारी (Learning Portal) : Learning.cehrd.edu.np सिकाइ चौतारी नामक यस वेबसाइटमा सबै श्रव्य तथा श्रव्यदृश्य पाठहरू र सन्दर्भ सामग्री रहेका छन्।
Youtube : ncedvirtural or www.youtube.com/nced virtual को विद्यालय शिक्षा ट्याबमा सबै कक्षाका सबै विषयका श्रव्यदृश्य पाठहरू रहेका छन्।
Facebook : facebook.com/radiodistance मा रेडियो नेपालबाट प्रसारण भएका सबै श्रव्य पाठहरू सुन्न सकिनेछ। साथै अन्य सान्दर्भिक सामग्री समेत रहेका छन्।
पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य सन्दर्भ सामग्रीहरूका डिजिटल प्रति शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेबसाइटको इ-लाइब्रेरी (e-library) मा हेर्न सकिनेछ।

विद्यालय तथा CLC का सिर्जनात्मक, प्रवर्तनात्मक, अनुकरणीय एवं असल अभ्यास तथा गतिविधिहरू प्रसारणयोग्य भएमा यस शाखामा जानकारी गराउन सकिनेछ। शाखाको इमेल ठेगाना : radiodeol@gmail.com and cehrdvirtualclass@gmail.com

हरेक महिनाको १ गते र १६ गतेको गोरखापत्रमा प्रकाशन हुने शैक्षिक गतिविधि नियमित अध्ययन गरौं।

रेडियो नेपालको प्रसारण फ्रिक्वेन्सी (स्रोतः रेडियो नेपाल)

FM (MHz) : भेडेटार (१०० र १०३), आइतबारे (१०३), सोलुखुम्बु (९८), पाँचथर (९८), बर्दिवास (१०३), सिमरा (१०३), खुमलटार (१००), सिमभञ्ज्याङ (१००), चरिकोट (१००), पोखरा (१००), ढाउन्ने (१०३), जोमसोम (१००), रेसुङ्गा (१००), बन्दिपुर (१००), ढाङ (९८), रोल्पा (१०३), हुम्ला (१००), जुम्ला (१०३), मान्मा (१००), मुगु (१००), डोल्पा (१०३), हुर्रे (१००), दिपायल (१०३), बुडीतोला (१०३), सोड्पे (९८), दार्चुला (९८), बझाङ (१०३) र उडीतोला (१००)
MW (KHz) : धरान (६४८), बर्दिवास (११४३), भैंसीपाटी (७५२), पोखरा (६८४), सुर्खेत (५७६), दिपायल (८१०)

विपन्न लक्षित छात्रवृत्ति सम्बन्धी विवरण अद्यावधिक गर्नेबारे जरुरी सूचना।

श्री स्थानीय तह (सम्बन्धित सबै)
श्री सामुदायिक माध्यमिक विद्यालय (सम्बन्धित सबै)
यस केन्द्र (समावेशी शिक्षा शाखा) को च.नं. ५९ मिति २०८०/१२/१५ को पत्र प्राप्त भई व्यहोरा अवगत गर्नुभएकै छ। उक्त पत्रको बुँदा नं. ५ मा उल्लिखित कार्य मिति २०८१ वैशाख २६ गतेभित्र देहाय अनुसार गर्नु/गराउनुहुन अनुरोध छ।

विद्यालयका लागि :

१. विद्यालयले **https://emis.cehrd.gov.np** मा लगइन गरी Profile Icon मा रहेको डाउनलोड बटनबाट निवेदन/कबुलियतनामा डाउनलोड गर्ने र २ प्रति सम्बन्धित विद्यार्थीलाई उपलब्ध गराउने।
२. विद्यार्थीले सो निवेदन/कबुलियतनामा भएको विवरण भरेर आफ्नो र आमा, बुवा वा अन्य कोही अभिभावक भए सो मध्ये एकको हस्ताक्षर गराई विद्यालयमा पेस गर्ने। (यो कार्य विद्यार्थीले बैंक खाता खोलेपछि गर्ने)
३. शैक्षिक सत्र २०८० को IEMIS समयमा अद्यावधिक नगरेका कारण छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको विवरण नदेखिएमा स्थानीय तहको अनुमति लिई शैक्षिक सत्र २०८० मा उक्त विद्यार्थीको विवरण ब्मम गर्ने।
४. प्रधानाध्यापकले विवरण रुजु गरी हस्ताक्षर र विद्यालयको छाप सहित उक्त निवेदन/कबुलियतनामा सम्बन्धित स्थानीय तहको शिक्षा महाशाखा/शाखामा पेस गर्ने।

स्थानीय तहका लागि :

१. स्थानीय तहले आफ्नो युजरनेम र पासवर्ड प्रयोग गरी **https://emis.cehrd.gov.np** मा लगइन गर्ने र त्यहाँको Dashboard मा रहेको PMT Menu मा क्लिक गरी Student Verification मा रहेको विवरण, विद्यालयबाट प्राप्त सम्बन्धित विद्यार्थीको निवेदन/कबुलियतनामाका आधारमा छात्रवृत्तिका लागि छनोट भएको विद्यार्थी पहिचान गर्ने। त्यसैगरी छात्रवृत्तिका लागि छनोट भएको विद्यार्थी यकिन भएपछि उक्त विद्यार्थी हाल त्यस स्थानीय तहको कुन विद्यालयको ? कुन कक्षा ? कुन विषयमा अध्ययनरत छ ? पहिचान गर्ने।
२. हाल अध्ययनरत विद्यालय र कक्षा पहिचान भए पश्चात् विद्यार्थीको नामको पछाडि रहेको Action button Click गरेपछि देखि Dialog box मा हाल अध्ययनरत विद्यालयको IEMIS कोड, अध्ययनरत कक्षा, हालको विद्यार्थीको रजिस्ट्रेसन नम्बर राखेर Search गरेपछि विद्यार्थीको विवरण देखिन्छ र छात्रवृत्तिका लागि योग्य (Eligible) हो होइन भन्ने जानकारी प्रणालीबाट प्राप्त गर्ने।
३. छात्रवृत्तिका लागि योग्य हो भन्ने जानकारी प्राप्त भएपछि उक्त विद्यार्थीले अध्ययन गरेको विषय, खाता खोलेको बैंकको नाम, शाखाको नाम, खाता नं. र अघिल्लो कक्षाको GPA प्रविष्टि गरी रूभचपथ गर्ने।
४. यस केन्द्रबाट विपन्न लक्षित छात्रवृत्तिको वित्तीय हस्तान्तरण भए पश्चात् यसरी Verify भएका विद्यार्थीको बैंक खातामा नियमानुसार रकम उपलब्ध गराउने।

विद्यालय सामाजिक परीक्षण मापदण्ड गर्ने/गराउने सम्बन्धी

सबै स्थानीय तहहरूलाई
शिक्षा तथा मानव स्रोत विकास केन्द्रको अनुरोध।

विद्यालय शिक्षालाई सहभागितामूलक, पारदर्शी एवं जवाफदेही बनाई, विद्यालय शिक्षा पद्दतीको सुदृढीकरण गर्ने उद्देश्यले विद्यालयमा सामाजिक परीक्षण हुँदै आएको छ। नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत भई कार्यान्वयनमा रहेको विद्यालय सामाजिक परीक्षण मापदण्ड-२०७८ बमोजिम सामाजिक परीक्षण गर्न गराउन देहाय अनुसारको व्यवस्था मिलाउनहुन अनुरोध छ।

(१) शिक्षा नियमावली २०५९ (संशोधन सहित) नियम १७१ (क) बमोजिमको समितिबाट विद्यालय सामाजिक परीक्षण गर्ने गराउने व्यवस्था मिलाउने।
(२) सामाजिक परीक्षणका लागि गरिने तयारी, छलफल एवं निर्णय गर्दा स्थानीय तहको सामाजिक/शिक्षा समितिको संयोजक वा प्रतिनिधिको सहभागिता गराउने।
(३) समितिले विद्यालयको आर्थिक, भौतिक, शैक्षिक, व्यवस्थापकीय पक्षको मूल्याङ्कन गरी तयार गरेको प्रतिवेदन सरोकारवालाहरूको भेला गराई छलफलका लागि प्रस्तुत गर्ने।
(४) सामाजिक परीक्षणका लागि गठित प्रावधिक उपसमितिले प्रतिवेदन तयार गर्दा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली Integrated Educational Management Information System (IEMIS) बाट School Report Card लाई आधार बनाउने।
(५) सामाजिक परीक्षण गरिएको मिति (IEMIS) को Excell File मा अनिवार्य रूपमा अपडेट गरी वेबपेज (**iemis.cehrd.gov.np**) मा अपलोड गर्ने व्यवस्था मिलाउने।
(६) विद्यालयबाट समितिले तयार गरेको प्रतिवेदन स्थानीय तहको शिक्षा विभाग वा महाशाखा वा शाखामा पेस गर्ने व्यवस्था मिलाउने।
(७) पेस भएको सामाजिक परीक्षण प्रतिवेदन अध्ययन गरी विद्यालयको प्राप्ताङ्कका सम्बन्धमा थप स्पष्ट गर्न आवश्यक देखिएमा स्थलगत रूपमा निरीक्षण अनुगमन वा छलफल गरी प्राप्ताङ्क पुनरावलोकन गर्ने ।
(८) अङ्क पुनरावलोकन पश्चात् कायम भएको मूल्याङ्कनमा विद्यालयहरूले प्राप्त गरेको नतिजा उच्चतम अङ्कदेखि न्यूनतम अङ्क सहितको समष्टिगत प्रतिवेदन स्थानीय तहले सार्वजनिक गर्ने।
(९) सार्वजनिक भएको नतिजाको सङ्क्षिप्त प्रतिवेदन स्थानीय तहबाट शिक्षा विकास तथा समन्वय एकाइमा र एकाइले सङ्क्षिप्त प्रतिवेदन शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पठाउनुपर्ने।
(१०) विद्यालय सामाजिक परीक्षण मापदण्ड २०७८ ले तोकेको विधि प्रक्रिया र पद्दती बमोजिम सामाजिक परीक्षण गरी उच्चतम अङ्क प्राप्त गरेको विद्यालयलाई कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।०८१ को परिधिभित्र रही शैक्षिक, व्यवस्थापकीय सुधार, सुशासनमा उत्कृष्ट कार्य गरेका विद्यालयलाई कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदानका लागि छनोट गर्ने।
(११) सामाजिक परीक्षण गरेका विद्यालय र उनीहरूले प्राप्त गरेको प्राप्ताङ्क सहित शैक्षिक, व्यवस्थापकीय सुधार, सुशासनमा उत्कृष्ट कार्य गरेका विद्यालयको सूची स्थानीय तहले आफ्नो वेबसाइटमा प्रकाशन गर्नुपर्ने छ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

पाठ्यक्रम तथा पाठ्यसामग्री प्रयोग सम्बन्धमा सूचना

शिक्षा ऐन, २०२८ (संशोधन सहित)को दफा ८ तथा शिक्षा नियमावली, २०५९ (संशोधन सहित)को नियम ६ मा विद्यालयले नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम र पाठ्यसामग्री लागू गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ। यस सम्बन्धमा केन्द्रले च. नं. ३६९ मिति २०८०।१२।१६ गतेको सूचनाबाट सबै स्थानीय तह, सामुदायिक र संस्थागत विद्यालयहरूलाई पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृति प्राप्त पाठ्यपुस्तक/पाठ्यसामग्री/सिकाइ सामग्री मात्र प्रयोग गर्ने गराउने सम्बन्धी सूचना जारी गरिसकिएको छ। यद्यपि केही विद्यालयहरूले कानुनी व्यवस्थाको प्रतिकूल हुनेगरी आफूखुसी पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत नभएका पाठ्यपुस्तक तथा विदेशी पाठ्यपुस्तकहरू पनि प्रयोग गरेको भन्ने विषयमा विभिन्न सञ्चार माध्यमबाट प्रकाशित समाचार तथा अभिभावकहरूबाट समेत प्राप्त गुनासाप्रति यस केन्द्रको गम्भीर ध्यानाकर्षण भएको छ। तसर्थ पाठ्यक्रम विकास केन्द्रबाट अनुमति/स्वीकृति नभएका पाठ्यपुस्तक तथा विदेशी पाठ्यपुस्तकहरू प्रयोग नगर्न नगराउनुहुन सम्पूर्ण विद्यालय, अभिभावकहरूमा अनुरोध गरिन्छ। साथै सबै स्थानीय सरकार एवं शिक्षा विकास तथा समन्वय एकाइहरूलाई तत् सम्बन्धमा नियमित अनुगमन गर्नुहुन र अनुगमनका क्रममा कानुनी व्यवस्थाको प्रतिकूल हुनेगरी त्यस प्रकारका पाठ्यपुस्तक प्रयोग गरेको पाइएमा नियमानुसार कारबाही गर्न गराउनुहुन अनुरोध छ।